# विराटनगर महानगरपालिका

बैठक संख्याः १०५ बैठक प्रारम्भः अपरान्ह ३:०० बजे
मितिः २०७८/११/१२ बैठक स्थगनः अपरान्ह ५:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/११/१२ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अर्धवार्षिक प्रगति समीक्षा सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायत पेश गरिएको अर्धवार्षिक समीक्षा उपर छलफल गरियो। उक्त अर्धवार्षिक प्रगति समीक्षा आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | योजना/कार्यक्रम तथा बजेट संसोधन एवम् रकमान्तर सम्बन्धमा। | आ.व.२०७८/०७९ को वार्षिक कार्यक्रम तथा विनियोजित बजेटमध्ये वडाबाट सिफारिस भइआएका एवम् विषयगत महाशाखा/शाखाबाट प्राप्त संसोधन तथा रकमान्तर गर्नुपर्ने योजना/कार्यक्रमहरूको संसोधन तथा रकमान्तरको लागि आगामी नगर सभामा प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विधेयक तथा कार्यविधि सम्बन्धमा। | (क) नेपालको संविधानको धारा २२६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) मा भएको स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा कानुन बनाउन सक्ने प्रावधान अनुरुप आवश्यक ऐन बनाउन जरुरी देखिई पेश भएका देहायको विधेयकका मस्यौदाहरू विधेयक समितिबाट सिफारिस समेत भइआएको हुँदा गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (प्रदेश ऐन) को दफा २४ मा भएको व्यवस्था बमोजिम उक्त विधेयकका मस्यौदाहरू सर्वसम्मतिले स्वीकृत गरी पारितका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।<br>(१)विराटनगर महानगरपालिकाको कर तथा गैह्रकर सम्बन्धी विधेयक, २०७८<br>(२)महानगर बहुप्राविधिक शिक्षालय विधेयक, २०७८<br>(३)विराटनगर महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८<br><br>(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा भएको व्यवस्था बमोजिम विधेयक समितिबाट सिफारिस भई पेश भएको देहायका कार्यविधि सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।<br>(१)लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८<br>(२)बाल उद्यान तथा बालमैत्री स्थानीय शासन सञ्चालन कार्यविधि, २०७८ |

प्रतिलिपी

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ४ | विविध। | (क) विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०७७ मा ई-रिक्सा दर्ता, नवीकरण गर्ने व्यवस्था मात्र रहेको र महानगरपालिकाबाट जारी गरिएको सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) हराएमा प्रतिलिपि दिने व्यवस्था नरहेको हुँदा उक्त कार्यविधिको दफा १६ को उपदफा (१८) थप गरी "महानगरपालिकाबाट जारी गरिएको सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) हराएमा तोकिएको शुल्क तिरी प्रतिलिपि माग गरेमा प्रक्रिया पुऱ्याई सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि जारी गर्न सकिनेछ" भन्ने व्यवस्था राखे र सोही कार्यविधिको अनुसूची-४ को बुँदा नं. ६ थप गरी "प्रतिलिपि शुल्कः रु.५००।- (पाँच सय)" कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) विराटनगर महानगरपालिका वडा नं.१५ स्थित प्राथमिक स्वास्थ्य केन्द्र, रानी र वडा नं.१९ स्थित वैजनाथपुर स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति एवम् औजार उपकरणहरू समेतको व्यवस्था भएको हुँदा उक्त स्वास्थ्य केन्द्रहरूमा बर्थिङ सेन्टर स्थापना तथा सञ्चालन गर्नका लागि स्वास्थ्य सेवा विभागमा आवश्यक सहमति/अनुमति माग गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) नगरसभाको आठौं अधिवेशनको निर्णय र विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकको निर्णयानुसार आ.व.२०७७/०७८ बाट चालु आ.व.२०७८/०७९ मा दायित्व सरी आएका आयोजनाहरूको कार्य सम्पन्न गर्ने अवधि २०७८ माघ मसान्तसम्म कायम गरिएकोमा विविध कारणले तोकिएको समयसीमाभित्र कार्य सम्पन्न गर्न नसकिने भएको हुँदा उक्त आयोजनाहरूको कार्य सम्पन्न अवधि अन्तिम पटकका लागि २०७८ चैत्र १५ सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कार्यालय (प्रशासनिक) भवन निर्माण (ठे.नं. BMC/MOR/OfficeBldg/Ncb/01/2078/078) को लागि बोलपत्र आह्वान भई प्राप्त बोलपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र कालिगण्डकी/अविसा/बेकोन जे.भी. छनौट भएकोले उक्त जे.भी.ले कबोल गरेको रु.१६,५३,८१,८१६।८१ (भ्याट समेत) ठेक्का रकमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र नियमावली, २०६४ को नियम ६७ बमोजिम सर्वसम्मतिले स्वीकृत गरियो।<br>(ङ) विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत अनुसूची-च मा आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकि योजनाहरूमा वडा नं.१ अन्तर्गत सम्राट मार्ग राजवंशी टोलमा पिच निर्माण योजना समावेश हुनुपर्नेमा भूलवश फूलबारी मार्गमा पिच योजना समावेश भएको हुँदा वडा कार्यालयको सिफारिसका आधारमा बजेट किताबको पाना नं.१६७, सि.नं.२८ मा उक्त फूलबारी मार्गमा पिच शिर्षकमा विनियोजित रकमबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सम्राट मार्ग राजवंशी टोलमा पिच निर्माण कार्यको भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

(च) विराटनगर महानगरपालिका वडा नं.२ स्थित सोमबारे हटियाबाट पश्चिम वडा कार्यालय हुँदै शङ्करपुर आधारभूत विद्यालय क्षेत्रको पानी सोमबारे सडकको नालामा हाली नजिकै उत्तरतर्फ रहेको आर.सि.सि. ड्रेनमा खसाली पानी निकास गर्न सोमबारे सडकको नाला केही उचाईमा रहेको हुँदा स्थानीयवासीको निवेदनसहितको वडा समितिको सिफारिस तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सोमबारे सडकको करिब ७० मिटर नालालाई भत्काई केही गहिरो गरेर वार्षिक बजेट किताबको पाना नं.१२८, क्र.सं.४७ मा सोमबारे हाट नाला निर्माण (वडास्तरीय) शिर्षकमा विनियोजित बजेटबाट आर.सि.सि. नाला निर्माण गरी पानी निकासको व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(छ) विराटनगर महानगरपालिका वडा नं.१६, दरैयामा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण र सोसँग जोडिने सडक एवम् नाला निर्माणको TOR बमोजिम Design and Documentation गर्न तयार भएको DSC को भेरिएसन VO-5 (२९.१३%) सुरु सम्झौता रकमभन्दा रु.२,२१,५४,१६७।१९ बढी भएको हुँदा कार्यालयको सिफारिस बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(च) बमोजिम उक्त भेरिएसन आदेश स्वीकृत गरियो।

(ज) विराटनगर महानगरपालिका वडा नं.२ स्थित धर्मभक्त मार्गमा नाला तथा बाटो निर्माणका लागि इ-बिडिङ मार्फत बोलपत्र आह्वान भई डाइनामिक/कला जे.भी.को बोलपत्र स्वीकृत भएर २०७८ जेष्ठ मसान्तभित्र कार्य सम्पन्न गर्नेगरी मिति २०७७/०४/१५ मा सम्झौता भएको र नगरसभाको आठौं अधिवेशनको निर्णय र विभिन्न मितिमा बसेको कार्यपालिकाको बैठकको निर्णयानुसार दायित्व सरी आएका योजनाहरूको कार्य सम्पन्न गर्ने अवधि २०७८ माघ मसान्तसम्म थप भएकोमा कोभिड-१९ महामारी र लकडाउन, निर्माणस्थलमा रहेको विद्युत पोल नेपाल विद्युत प्राधिकरणबाट हालसम्म पनि सार्ने काम नभएको एवम् समयमै साइट क्लियरेन्स नभएकोले कार्यसम्पादन जमानत संलग्न राखी निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन पेश भएको हुँदा प्राविधिकको सिफारिस एवम् अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) को मिति २०७८/०५/२१ को खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धी परिपत्र समेतको आधारमा अन्तिम पटकको लागि २०७९ जेष्ठ मसान्तसम्म सम्झौता अवधि थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(झ) विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौबीच मिति २०७७/१२/२६ मा भएको सम्झौता अनुसार २०७८ बैशाखदेखि विराटनगर महानगरपालिका वडा नं.७ स्थित शहीद रङ्गशाला व्यवस्थापनको जिम्मा पाँच वर्षको लागि विराटनगर महानगरपालिकाको भएकोले उक्त रङ्गशालाको रेखदेख तथा व्यवस्थापन कार्यको लागि जिल्ला खेलकुद विकास समिति मोरङ र शहीद रङ्गशालाको खेलमैदान सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन तथा परामर्श गर्न मिति २०७८/०८/२० को कार्यपालिका बैठकद्वारा श्री उद्धव अर्यालको संयोजकत्वमा गठित समितिको सिफारिसका आधारमा श्रेणीविहीन

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल

तहका तीन जना (मदन काफ्ले, करण कार्की र अरुण लामा) सहयोगी जनशक्ति सेवा करारमा व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ञ) आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.१०६, खेलकुद विकास कार्यक्रम अन्तर्गत सि.नं.१७५ मा सितोरियो कराँते प्रतियोगिता शिर्षकमा विनियोजित बजेटबाट प्रथम स्वर्गीय गिरिजा प्रसाद कोइराला स्मृती प्रदेश स्तरीय कराँते प्रतियोगिताको लागि गहेली स्पोर्टस् क्लब, विराटनगर ७ लाई सहयोग गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ट) नगर सभाको आठौं अधिवेशनको निर्णयानुसार कोभिड-१९ महामारीका कारण भएको लकडाउन तथा निषेधाज्ञाको समयावधिको सबै आय ठेक्कामा बढीमा ५८ दिन र घटीमा २९ दिनको ठेक्का वापतको रकम छुट दिइएकोमा आकृति एडभरटाइजिङ, विराटनगरको विज्ञापनसम्बन्धी आय ठेक्कामा छुट दिन छुटेको हुँदा उक्त एडभरटाइजिङलाई २९ दिनको ठेक्का रकम रु.४,२३,९५१।- समायोजन गर्नेगरी आगामी नगरसभाबाट अनुमोदन हुनेगरी छुट दिने सर्वसम्मतिले निर्णय गरियो।

(ठ) कोभिड-१९ महामारीका कारण बन्द भएको यातायात सेवा २०७७ असोज १ देखि खुल्ला गरिए पनि आधाउधी मात्रै सवारीसाधन सञ्चालन भएको हुँदा उक्त समयावधि (असोज, कात्तिक र मङ्सिर) को किस्ता रकममा ५० प्रतिशत छुट पाऊँ भनी बसपार्क व्यवस्थापन समितिले निवेदन पेश गरेकोले सो समयावधिको किस्ता रकमको २५ प्रतिशत रकम रु.४,५०,०००।- र जरिवाना आगामी नगर सभाबाट अनुमोदन हुनेगरी छुट दिने सर्वसम्मतिले निर्णय गरियो।

(ड) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरूको श्रम ऐन, २०७४ तथा नियमावली, २०७५ एवम् विराटनगर महानगरपालिका कर्मचारी व्यवस्थापन ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सञ्चयकोष जम्मा हुने व्यवस्था मिलाउने, साथै नियमानुसारको विदा सुविधा उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ढ) वडा नं.१४ का वडाध्यक्ष श्री बलदेव यादवमाथि कर्तव्य ज्यान मुद्दा लागी निज मुद्दाको सुनुवाई नहुन्जेलसम्म कार्यालयमा अनुपस्थित रहेको अवधिको सेवा सुविधा भुक्तानी दिन मिल्ने/नमिल्ने सम्बन्धमा आवश्यक कानुनी राय लिई एवम् प्रदेश सरकारबाट प्राप्त राय तथा निर्देशन बमोजिम गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(ण) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरूले कर्मचारी कल्याण कोषबाट ऋण सापटी माग गरेकोमा निजहरूलाई निम्नानुसार ऋण सापटी उपलब्ध गराउने र उपलब्ध भएकोमा अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

(१)अमित कामत - रु.३,००,०००।० (अनुमोदन गर्ने)

(२)कृष्ण कुमार खत्री - रु.३,००,०००।०

(३)राजु मेहत्तर - रु.१,००,०००।०

(४)प्रितम डोम - रु.१,५०,०००।०

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (५)राजेश डोम - रु.१,००,०००।-<br>(६)कुमार सार्की - रु.१,५०,०००।-<br>(त) विराटनगर महानगरपालिका वडा नं.४ (साविक कञ्चनबारी ७ र अमाहीइक्राही १क) बस्ता पैनी स्थित कि.नं.६१ को ०-११-१८ (बिघा) सार्वजनिक जग्गामध्ये ०-२-८ (बिघा) जग्गा नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं.१ लाई उक्त जग्गा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी संरक्षण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो।<br>(थ) विराटनगर महानगरपालिका वडा नं.४ (साविक कञ्चनबारी ७ र अमाहीइक्राही १क) बस्ता पैनी स्थित कि.नं.६१ को ०-११-१८ (बिघा) सार्वजनिक जग्गामध्ये ०-३-१० (बिघा) जग्गा राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं.१ लाई उपलब्ध गराउन यस महानगरपालिका सहमत भई आवश्यक सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(द) सुशील कोइराला फाउण्डेशनको प्रस्ताव अनुसार उक्त फाउण्डेशनलाई संरक्षण गर्न सहमति दिइएको विराटनगर महानगरपालिका वडा नं.८, बलुवाही स्थित जग्गाको पश्चिमतर्फ रहेको कि.नं.३०८ र ३०९ समेतका जग्गा तथा लिगलगापात समेत श्रद्धा आश्रम निर्माण तथा सञ्चालन परियोजनालाई फाउण्डेशन समेतको लगानीबाट आवश्यक संरचनाहरू निर्माण गरी महानगरपालिकासँग समन्वय र सहकार्य गरेर वृद्धवृद्धा, शोषित उत्पिडित, हिंसामा परेका, पिछडिएका, महिला समेतको सामाजिक, आर्थिक विकास लगायतका लोकहितका कार्यक्रमहरू सञ्चालन गर्न फाउण्डेशनलाई निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सहमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल